# लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि ,२०७९

औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

## लैंगिक हिंसा निवारण कोष(संचालन) कार्यविधि ,२०७७

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र, घर परिवारसंग गाँसिएर वा घर परिवारबाहिर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न लैंगिक हिंसा र घरेलु हिंसाबाट पीडित प्रभावित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आर्थिक व्यवस्था गर्नु आवश्यक भएकोले औरही नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ (१) बमोजिम औरही नगर कार्यपालिकाले यो कार्यविधी निर्माण गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि,२०७९ रहेको छ।

(२) यो कार्यविधि औरही नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क) "कार्यालय" भन्नाले औरही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ

ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ। सो शब्दले घरेलु हिंसाबाट पीडित र प्रभावितलाई समेत जनाउँछ।

घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

ङ) "राहत समिति" भन्नाले नियम ६ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ।

च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ। सो शब्दले घरेलु हिंसा समेतलाई जनाउँछ।

**३. कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् –

क) औरही नगरपालिकाबाट प्राप्त रकम .

ख) विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट प्राप्त रकम

ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

**स्पष्टिकरणः** यस कोषमा दाखिला हुन आउने रकमको बैधानिकता जाँच गरेर मात्र सम्बन्धित व्यक्ति वा संस्थाबाट लिईने छ। आम्दानीको श्रोत नखुलेको सम्पत्ती वा रकम लिईने छैन्।

(३) उपनियम (१) बमोजिमको रकम राष्ट्रिय बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ

(४) कोषको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ –

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि राहत समितिले तोके बमोजिमको अन्य काममा ।

(ज) पीडितका लागि सिप तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**६. राहत तथा आर्थिक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ:

क) नगर उपप्रमुख: - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामाजिक विकास समिति संयोजक: - सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख - सदस्य

च) ईलाकाप्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

छ) कानुनी मामिला शाखा प्रमुख - सदस्य

ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एक जना - सदस्य

ज) महिलाबालबालिका तथा सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

(३) राहत समितिको सचिवालय कार्यालयमा रहनेछ।

(४) राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**७. राहत समितिको काम, कर्तब्य र अधिकार:** राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) जिल्लास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**८. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ –

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन पाँचसय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन एकहजार रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**९. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

९क. तत्काल रकम उपलब्ध गराउन सक्ने (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा राहत समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि वस्ने राहत समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१०. थप रकम निकासा माग गर्न सक्ने** : (१) राहत समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई नगर कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

**११. छुट्टै खाता खोल्नु पर्ने**: (१) नगर सभाबाट कोषको लागि विनियोजन भएको रकम कार्यालयको नाममा कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

**१२. कोषको लेखा र लेखा परिक्षण**: (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम गरिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

**१३. आवर्ति (रिभल्भीङ) कोष**: यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

**१४. प्रतिवेदन पेश गर्ने**: (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा समक्ष पेश गर्नु पर्नेछ।

(२) राहत समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**१५. बैठक भत्ता**: राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालीकालेले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

**१६. निर्देशन दिन सक्ने**: (१) कार्यपालिकाले राहत समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु राहत समितिको कर्तव्य हुनेछ

१७. यस कार्यविधिको व्याख्या र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार समेत नगरकार्यपालीकालाई हुने छ।